# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ ६ गते २०२० साल

श्री ५ को सरकार
उद्योग तथा वाणिज्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी नियमहरू, २०१९ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ (संशोधनहरू सहित) को दफा ६० ले दिएको अधिकार र तत्सम्वन्धमा प्राप्त अरू सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले यी नियमहरू बनाएको छ :–

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी नियमहरू, २०१९" रहेको छ।

(२) यी नियमहरू ऐन प्रारम्भ भैसकेको ठाउंहरूमा तुरुन्त प्रारम्भ हुने छन र अरू ठाउंहरूमा ऐन प्रारम्भ भएपछि स्वतः प्रारम्भ हुन छन्।



८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषाः— विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमाः—

(क) "ऐन" भन्नाले नेपाल कारखाना र कारखामा काम गर्ने मजदूर सम्बन्धी ऐन, २०१६ (संशोधनहरू सहित) सम्झनु पर्छ,

(ख) "नक्सा" भन्नाले यी नियमहरूद्वारा तोकिएको विवरण खुलेको ले–आउट ( Lay–out ) नक्सा सम्झनु पर्छ,

(ग) "अरू विवरणहरू" भन्नाले नक्सादेखि बाहेक यी नियमहरूद्वारा तोकिएको विवरणहरू सम्झनु पर्छ,

(घ) "हेल्थ अफिसर" भन्नाले जिल्ला मेडिकल अफिसर वा श्री ५ को सरकारबाट मनोनीत अरू कुनै डाक्टर सम्झनु पर्छ,

(ङ) "मैनेजर" भन्नाले कारखानाको व्यवस्था चलाउन नियुक्ति गरिएको व्यक्ति सम्झनु पर्छ ,

(च) "तालीम प्राप्त नर्स" भन्नाले कुनैपनि नरसिंग स्कूलबाट तालीम प्राप्त गरेको अथवा नर्स काम गरिसकेको प्रमाणित भएको व्यक्ति सम्झनु पर्छ ,

(छ) "काम गर्ने कोठा" भन्नाले उत्पादन कार्य गर्दा कर्मचारीहरू बस्ने ठाउंलाई समेत जनाउंछ।

## परिच्छेद–२

### कारखाना बनाउने तथा खडागर्ने

३. कारखाना बनाउन, खडागर्न वा भैरहेकोलाई बढाउन स्वीकृति लिनेः— कसैले श्री ५ को सरकारको पूर्व स्वीकृति विना कुनै घर जग्गामा कुन कारखाना खडागर्न, बनाउन वा भैरहेकोलाई बढाउन हुंदैन । त्यस्तो स्वीकृति लिन चाहने व्यक्तिले त्यसको लागि दरखास्त र ऐनको दफा ४ मा उल्लिखित सूचना स्थानीय इन्स्पक्टर छेउ दिनुपर्छ । त्यस्तो दरखास्त र सूचना दाखिल भएपछि इन्स्पेक्टरले नक्सा र अरू विवरणहरू आफ छेउ पेश गर्न लगाउने छ र सो कारखाना खडागर्न, बनाउन वा बढाउन दिन उपयुक्त छ छैन जांची इन्स्पेक्टरले आफ्नो सिफारिस श्री ५ को सरकारमा पेश गर्नेछ ।

४. नक्सा र अरू विवरणहरूको ढाँचा र सो प्रमाणित गर्न सक्ने अधिकारीः— नक्सा र अरू विवरणमा निम्नलिखित कुराहरू समावेश भएको हुनुपर्छः—

(क) नक्सामा चिन्हसहित समावेश हुनुपर्ने कुराहरूः—

(१) घरको लम्बाइ, चौडाइ र उंचाइ,

(२) सो घरको कुनकुन भागमा कुनकुन माल सामान कति परिमाणमा राखी प्रोसेस गर्न वा बनाउने र त्यसको हिसाब,

८७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) स्वास्थ्य निवास र अस्पतालहरू फैक्ट्रीबाट कति टाढा छ अथवा राख्ने व्यवस्था छ त्यसको चिन्ह,

(४) हावाको आवत जावतसमेतको विचारबाट बनाउने कोठाको नाप,

(५) ग्यास बाहिर निस्कन सक्ने के कस्तो व्यवस्था छ,

(६) पाइखाना र पिसाबखानाको व्यवस्था,

(७) पिउने पानीको सुविधा के कस्तो छ,

(८) कारखानाघरसाथ स्टोर, मजदूर क्वार्टर्सको स्थापना गर्ने के कस्तो व्यवस्था छ,

(९) जमीनको क्षेत्रफल, किसिम र ४ किल्ला, र

(१०) प्रशस्त पानीको सप्लाइ हुन्छ हुंदैन र पानी प्रशस्त चाहिएमा के गर्न व्यवस्था छ ।

(ख) अरू विवरणमा रहनुपर्ने कुराहरूः–

(१) कारखाना खडागर्न जग्गा प्राप्त गर्ने स्रोत र त्यसको व्यवस्था,

(२) बस्तीबाट कारखाना कति टाढा पर्छ। कारखानाको वरपर ३०० गज-भित्र घर, स्कूल, सार्वजनिक स्थान पर्नेभए कारखानाको स्थापनाले के असर पार्छ ।

(३) सडकबाट कति टाढा पर्छ,

(४) सीमानाबाट कति टाढा पर्छ,

(५) कच्चामालको नाम, पाउने ठाउं र परिमाण,

(६) प्रयोग गरिने शक्तिको प्रकृति र परिमाण,

(७) मजदूरहरू स्थानीय वा बाहिरबाट झिकाउनुपर्ने के हो र कति मजदूर-द्वारा कारखानाको काम चलाउने हो त्यसको विस्तृत विवरण,

(८) उत्पादन गरिने मालसामानको खपत इन्तिजाम,

(९) नदी नालाको व्यवस्था (यिनीहरूबाट चाहिएको बखत पानी पुग्न सक्ने छ छैन र बाढी आएमा नोक्सान हुने सम्भावना हुन्छ हुंदैन),

(१०) कारखानाको आसपासमा आगोले भेट्टाउन सक्ने पदार्थहरू भए त्यस-बाट कारखानाको बचाउ कसरी गरिने हो त्यसको व्यवस्था, र

(११) ऐनमा उल्लेख गरिएका अरू कुराहरूको व्यवस्था के कस्तो छ।

५. कारखाना खडा गर्दा लाइसेन्स र रजिष्ट्रेशनको निमित्त लाग्ने दस्तुरः– कारखाना खडा गर्दा र रजिष्टरी गर्दा वा रिन्यूवल गर्दा कम्पनी ऐन, २००७ वा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दस्तुर लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद –३

### निरीक्षण अधिकारी वर्ग

६. इँन्स्पेक्टरः– (१) ऐन र यी नियमहरूको प्रयोजनको निमित्त श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी स्थानीय इँन्स्पेक्टर वा अतिरिक्त इँन्स्पेक्टर-हरू नियुक्ति गर्दा उनीहरूको आफ्नो आफ्नो काम गर्ने इलाकाको हद निर्धारित गरिदिनेछ।

(२) ऐन र यी नियमहरूको प्रयोजनको निमित्त श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी कुनै व्यक्तिलाई नेपाल अधिराज्य भरको निमित्त चीफ इन्स्पेक्टरको पदमा नियुक्त गरेमा सो चीफ इन्स्पेक्टरले नेपाल गजेटमा प्रकाशित सोही सूचनामा तोकिएको अधिकारको अतिरिक्त स्थानीय इन्स्पेक्टरलाई दिइएको सबै अधिकार पाउनेछ।

(३) चीफ इन्स्पेक्टर वा इन्स्पेक्टर वा अतिरिक्त इन्स्पेक्टरमा नियुक्ति हुने व्यक्ति प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट आफ्नो अधिकारक्षेत्रभित्रको कुनै कारखानाको उत्पादनकार्य, नाफा नोक्सान, वा मेशिनरीमा सम्बन्ध भएको हुनु हुंदैन।

(४) स्थानीय इँन्स्पेक्टरको नियुक्ति नभएकोमा स्थानीय बडाहाकिमहरू आफ्नो आफ्नो इलाकाको स्थानीय इन्स्पेक्टर मानिनेछन्।

(५) चीफ इन्स्पेक्टर, अतिरिक्त इँन्स्पेक्टर र स्थानीय इन्स्पेक्टरहरू निजामती सेवा एन, २०१३ अन्तर्गतका सरकारी कर्मचारी मानिनेछन्।

७. स्थानीय इँन्स्पेक्टरको अधिकारः– ऐन र यी नियमहरूको प्रयोजनको लागि कारखानामा काम गर्ने कुनैपनि कर्मचारीको तस्वीर खिंच्ने, कारखानाको कुनै भाग वा काम गर्ने कोठा वा कुनै कलपूर्जा वा यन्त्र, वा प्रयोग गर्ने साधन वा सामग्री वा कागजपत्र वा कारखानामा काम गर्ने मजदूरहरूको स्वास्थ सुरक्षा र कल्याणकारी कामको सम्बन्धमा कुनै पनि चीज वा काम र स्थानीय इन्स्पेक्टरले कारखाना भन्ने ठहराएको कुनैपनि ठाउंको आवश्यकतानुसार निरीक्षण गर्ने, जांचगर्ने, नाप्ने, उतार्ने, फोटो लिने, ढांचा तयारगर्ने, र परीक्षण गर्ने अधिकारहरू स्थानीय इन्स्पेक्टरमा सुरक्षित रहने छन्।

८. हेल्थ अफिसरः– ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले कुनै इलाका, वा कारखाना वा एकभन्दा बढी कारखानाको लागि नेपाल गजेटमा सूचना प्रकाशित गरी हेल्थ अफिसर मुकरर गर्न सक्नेछ र सो हेल्थ अफिसरले आफ्नो इलाकाभित्रा श्री ५ को सरकारको पूर्व स्वीकृति लिई कुनै योग्य चिकित्सकलाई आफ्नो अधिकार सुम्पन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर कुनै हेल्थ अफिसर प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट आफ्नो अधिकार-क्षेत्रभित्रको कुनै कारखानाको उत्पादन कार्य, नाफा नोक्सान वा मेशिनरीमा सम्बन्ध भएको हुनु हुँदैन ।

६. हेल्थ अफिसरको काम कर्तव्यः– (१) हेल्थ अफिसरको काम कर्तव्य देहाय बमोजिम हुनेछः–

(क) ऐनको प्रयोजनको निमित्त नाबालिगलाई निरोगिताको प्रमाणपत्र दिने र त्यसको निमित्त चाहिने व्यवस्था मिलाउने,

(ख) खतरा उत्पन्न हुने पेशामा लागेका मजदूरहरू जांच्न,

(ग) स्थानीय इन्स्पेक्टरले अनुरोध गरेमा देहायका काम गर्ने र त्यसको रिपोर्ट दिने:–

(१) उत्पादनकार्यमा लाग्दा लागेका रोग र अन्य अवस्थाबाट लागेको रोग जाँच्ने,

(२) उत्पादन कार्य वा त्यसमा उपयोग गरिने वस्तुमा परिवर्तन गर्दा वा नयाँ उत्पादन कार्य र त्यसको निमित्त नयां चीज बस्तु उपयोग गर्दा त्यसबाट काम गर्ने मजदूरहरूलाई चोट पटक लाग्न सम्भावना छ छैन जाँच्ने र सम्भावना छ भने त्यसको कारणहरू रिपोर्टमा खोल्ने,

(३) नाबालिगहरूको स्वास्थ्यमा चोट पटक, हानि पुऱ्याउने सम्भावना देखिन आउने काममा लगाइराखेको र काममा लगाउन खोजेको छ छैन जाँच्ने ।

(२) यी नियमहरूको प्रयोजनको निमित्त हेल्थ अफिसरले उपयुक्त समय समयमा कारखानाहरूमा गई उपरोक्त मजदूरहरूलाई जाँच्ने छन् र कारखानाको म्यानेजरले राखेको हेल्थ रजिष्टरमा विवरणसहित रिकार्ड राख्ने छन् । यी सबै जाँच बुझ गर्नको लागि कारखानाका म्यानेजरले चाहिने कुराको व्यवस्था हेल्थ अफिसरलाई गरिदिनुपर्दछ र हरेक व्यक्तिको बचाउको फी ने. रू. ३।– कारखानाको मालिकले तिर्नुपर्नेछ ।

(३) हेल्थ अफिसरले आफ्नो जाँचको सिलसिलामा कुनै कारखानामा स्वास्थ्यको दृष्टिबाट काम गर्ने क्षमता नभएका व्यक्तिलाई काममा लगाइराखेको छ भन्ने लागेमा त्यस्ता व्यक्तिलाई त्यस्ता कामबाट तुरुन्त हटाउन सक्नेछ । हेल्थ अफिसरबाट स्वास्थ्यको कारणले हटाइसकेको कुनै व्यक्तिलाई निजको पूर्व अनुमति विना म्यानेजरले फेरी काममा लगाउन हुंदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद –४

### सफाइ र स्वास्थ्य

१०. काम गर्ने कोठाहरूमा पानी निछिर्ने गरी चिप्लोगर्न नदिन व्यवस्था:– कुनै कारखानामा उत्पादन कार्य गर्दा भूंइ भिज्ने वा पानी नछिर्ने गरी चिप्लो गरिराख्न दिन हुंदैन। चिप्लो गरिराखेका त्यस्ता ठाउंहरूमा स्थानीय इन्स्पेक्टरले जाँची ठहराए आधुनिक तरीकाबाट नयां निकास बनाउन वा भैरहेको निकासलाई मरम्मत गर्न लिखित आदेश दिन सक्नेछ।

११. सफेद, रंग रोगन आदि लगाएको रजिष्ट्रि:– मिति मितिमा सफेद, रंग रोगन पोताएको रिकार्ड राख्न कुन कुन कोठामा, कुन कुन मितिमा के कस्तो रंग लगाएको हो त्यसको सबै विवरण भएको किताब कारखानाको मालिकले राख्नुपर्नेछ।

१२. बेकम्बा वस्तुहरू पयांक्ने तथा नष्ट गर्ने व्यवस्था:– कारखानामा उत्पादन कार्य गर्दाको सिलसिलामा निस्केको बेकम्बा बस्तुहरूबाट पुनः कुनै उपयोगी बस्तुहरू तैयार हुन सक्नेंभए सो तैयार गर्ने व्यवस्था कारखानामा छ भने त्यस्तो बस्तु तैयार गर्नुपर्छ र कुनै उपयोगी वस्तुहरू तैयार हुन नसक्ने हो भने सो बेकम्बा वस्तुहरू लिलाम बिक्री गर्नुपर्छ। त्यति पनि हुन नसक्ने भएमा टाढा लगी आगो लगाई नष्ट गर्ने वा गाड्ने गर्नुपर्छ। नष्ट गर्नुपर्ने वा गाड्नुपर्ने वस्तुहरू नष्ट नगरी वा नगाडी त्यसै सडाई राखेमा त्यसबाट हुन आउने नोक्सानी उपर कारखानाका मालिक जवाफदेही हुनेछ।

१३. पाइखाना र पिसाबखानाको ढांचा:– मजदूरहरूको निमित्त कारखानामा रहे सम्म सबै दृष्टिबाट पाइक पर्ने ठाउंहरूमा आधुनिक ढाँचाको फलस सिष्टमको पाइखाना र पिसाबखानाको व्यवस्था हुनुपर्दछ।

## परिच्छेद–५

### सुरक्षा.

१४. नाबालिगलाई खतरनाक मेशिनहरूमा काम लगाउन बारे:– ऐनको दफा १७ बमोजिमका कुराहरूको राम्ररी बोध नगराई कुनैपनि नाबालिगलाई हाइड्रोलिक प्रेसहरू तथा अन्य यन्त्रद्वारा चालित प्रेसहरू, मेटल उद्योगमा प्रयोग गर्ने माइलिंग मेशिनहरू, गिलोटिन मेशिन, सर्कुलरस, स्लेटन प्रिन्टिंग मेशिनमा काम लगाउनु हुंदैन।

१५. खतरनाक मेशिनबाट बचाउ:– पाँग्रा, लत्ता, लत्ता चलाउने सहायक, गियर, ड्रम, वलच, ड्राइभिंग बेल्ट वा मेशिन सन्चालन गर्ने पावर, जेनरेटर, मोटर वा शक्ति सन्चारगर्ने अन्य खतरनाक साधनहरूचलने वरिपरी बलियो बार लगाउनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. आँखाको बचाउः– ऐना, काँच, पारो, चुम्बक, प्लेट, फलाम, कंक्रिट, मिक्सचर, सिमेन्ट, चुन ढुंगा श्रो अन्य विस्फोटक पदार्थ प्रयोग हुने कारखानाहरूमा काम गर्दा निस्कने मजदूरको आंखामा चोट पर्न जाने संभावना भएका चीज वा टुक्राहरूबाट बचाउको निमित्त आवश्यक पर्दा र गगल चश्माको पूरा व्यवस्था हुनुपर्छ।

१७. आगोबाट बचाउ गर्ने व्यवस्थाः– निम्नलिखित बमोजिमका कारखानामा आगो नलाग्ने किसिमले भरसक वस्तुहरूको हिफाजत गर्नुपर्छ र आगो लागेमा वा लाग्ने सम्भावना देखिएमा निम्नलिखित बमोजिमको व्यवस्था तुरुन्त नै गरी कारखानाको बचाउ गर्नुपर्छः–

(क) विस्फोटक पदार्थ प्रयोग नहुने कारखानामाः–

(१) कुनैपनि कारखानामा कच्चा पदार्थहरूसहितका सबै सामानहरू हिफाजतसाथ राख्न र मेशिन चलाउंदा पनि हिफाजतसाथ चलाउनुपर्छ।

(२) कारखाना बनाउंदा पानीको पाइप, पोखरी, नदी नजिकै रहने गरी बनाइने हुंदा फायर ब्रिगेड नजिकै रहेको ठाउंमा तुरुन्तै सो फायर ब्रिग्रेड ल्याई वा ल्याउन लगाई आगो निभाउनु पर्छ। फायर ब्रिगेड नभएका ठाउंमा आगो निभाउने काम फायर एक्सटिंग्विसर यन्त्र प्रयोग गरी कार्बोन–डाईअक्साइड् ग्यासको मद्दतले आगो निभाउनु पर्छ। हरेक कारखानामा यस्तो यन्त्र यथासम्भव राखिनुपर्छ।

(३) कारखानामा आगो लाग्नासाथ एकातिर आगो निभाउनेतर्फ बन्दोवस्त गर्न र अर्कोतर्फ धर कारखानाभित्र रहेका मालहरू आगोबाट बचाउन सकिनेजति झ्याल ढोका वा कौसीबाट पर्याँक्नु पर्छ। तर यसरी माल पर्याँकिंदा हिफाजत गरेर फाल्नुपर्छ। पर्याँकिएका यस्ता वस्तुहरू आगोले नभेट्ने ठाउंमा केही पर लगेर राख्नुपर्छ। आगो लाग्दा कामदारहरू तुरुन्तै बाहिर निस्कनुपर्ने भएकोले ऐनमा लेखिए बमोजिमको आवत जावत गर्ने व्यवस्था हुनुपर्छ।

(४) ठूला ठूला कारखानामा आगो लागि ध्वस्त भएमा धेरै नै नोक्सानी हुन जानेभएकोले यस्तो कारखाना श्री ५ को सरकारबाट स्वीकृति भए बमोजिम कुनै प्रसिद्ध बिमा कम्पनीसंग बिमा गराउनु जरूरीछ।

(ख) विस्फोटक पदार्थ प्रयोग हुने कारखानामाः–

(१) बारूद, नाइट्रोग्लिसिरिन, डाइनामाइट, गन–कटन, ब्लाष्टिंट „पाउडर, पारो (मर्करी) वा अरू धातुको फुल्यूनेट, फोगसिग्नल, फ्यूज रकेट, परक्यूशन क्याप डिटोनेटर, कारतुषवा श्री ५ को सरकारले समय समयमा नेपाल गजटमा सूचना प्रकाशित गरी तोकिदिएको विस्फोटक पदार्थहरू प्रयोग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुने कारखानामा यस्ता पदार्थहरू बहुतै हिफाजतसाथ राख्नुपर्छ । झ्याल, ढोका र कामदार मजदूरहरू ओहर दोहर गर्ने ठाउंको नजिक पर्ने गरी यस्ता वस्तुहरू राख्न हुंदैन । यस्ता वस्तुहरू सुरक्षित स्थानमा राखी प्रयोग गरिंदा पनि हिफाजतसाथ ल्याएर मात्र प्रयोग गर्नुपर्छ ।

(२) यस्तो कारखानामा आगलागी भएमा भयङ्कर स्थिति उत्पन्न हुनेहुंदा यस निमित्त फायर ब्रिगेड र फायर एक्सटिंग्विसरको व्यवस्था तुरुन्त हुन सक्ने गरी मात्र ठाउं हेरी कारखाना बनाउनुपर्छ र आगलागी हुनासाथ ती यन्त्रहरूको सहायताले तुरुन्तै आगो निभाउनुपर्छ । यस्तो कारखानामा आगो लाग्दा माल पयांक्नु हुंदैन । श्री ५ को सरकारबाट स्वीकृत भए बमोजिम कारखानाको बिमा गराउनु अनिवार्य हुनेछ ।

कारखानामा उपरोक्त व्यवस्था भएको छ छैन स्थानीय इन्स्पेक्टरले जांच्नेछन् र कुनै व्यवस्था गर्न मात्र बाँकी रहे पनि सो गर्न लगाउन कारखानाका मालिक वा मैनेजरलाई निजले आदेश लिखित रूपमा दिनेछन् सो अटेर गरेमा स्थानीय इन्स्पेक्टरले कारखानाका मालिकलाई ऐन बमोजिम सजाय सम्बन्धी कारवाइ चलाई सो काम गर्न लगाउने छन् । त्यसपछि अटेर गर्नेको कारखाना श्री ५ को सरकारको आदेशबाट बन्द हुन सक्नेछ ।

१८. केही प्रकारको रोग र दुर्घटनाको सूचनाः–कुनै कारखानामा दुर्घटना भई कुनै व्यक्तिको मृत्यु वा कसैलाई चोट–पटक लागी ४८ घण्टाभन्दा बढी काम गर्न असमर्थ हुन गएमा वा कसैलाई योग्य चिकित्सकले दिएको राय अनुसार सरुवा रोग वा विषालु पदार्थबाट उत्पन्न भएको रोग लागेको ठहरेमा निम्नप्रकारको कुराहरूसहित त्यसको सूचना कारखानाको मालिकले ३ दिनभित्र स्थानीय इन्स्पेक्टर छउ पठाइसक्नुपर्नछः–

(१) रोगी वा मरेको व्यक्तिको नाम र स्थायी ठेगाना,

(२) रोग वा मृत्युको विवरण ।

१९. रोग वा दुर्घटनाको जांचबुझ गर्ने अधिकारी, त्यसको अधिकार र कार्य विधिः– कारखानामा भएको कुनै किसिमको दुर्घटना र उत्पन्न भएको रोगको जांचबुझ गर्न श्री ५ को सरकारले कुनै योग्य व्यक्ति नियुक्ति गरी जांचबुझ गराउन सक्नेछ । दुर्घटना अथवा रोगको जांच बुझ गर्न नियुक्ति गरिएको अधिकारीलाई तत्सम्बन्धी जांचबुझ गर्न अदालत, पब्लिक प्रोसिक्यूटर र पुलिस ठानाको इन-चार्जलाई भए सरहको अधिकार हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–६

### कल्याणकारी व्यवस्था

२०. कल्याणकारी अफिसरहरूः–(१) साधारणतः २५० वा सोभन्दा बढी मजदूरहरू काममा लागिराखेको प्रत्येक कारखानामा कारखानाको मालिकले श्री ५ को सरकारको स्वीकृति लिई एक कल्याणकारी अफिसर नियुक्ति गर्नुपर्छ ।

(२) २५०० वा सोभन्दा बढी मजदूरहरू काममा लगाइराखेको कारखानामा कारखानाको मालिकले श्री ५ को सरकारको स्वीकृति लिई अर्को उक्त असिस्टेन्ट कल्याणकारी अफिसर नियुक्त गर्नुपर्छ ।

२१. योग्यताः–(१) निम्नलिखित न्यूनतम योग्यता नपुगेको व्यक्ति श्रम कल्याणकारी अफिसर वा असिष्टेन्ट कल्याणकारी अफिसरमा नियुक्ति हुन सक्ने छैनः–

(१) नेपालको नागरिक,

(२) स्वीकृत विश्वविद्यालयबाट अर्थशास्त्र, श्रम, वा वाणिज्यमा स्नातक डिग्री हासिल गरेको,

(३) २५ वर्ष उमेर पूरा गरेको तथा ४५ वर्ष उमेर ननाघेको,

(४) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कैदको सजाय नपाएको,

(५) स्वीकृत चिकित्सकले निरोगी भनी प्रमाणित गरेको ।

(२) उपरोक्त योग्यताको अतिरिक्त देहाय बमोजिमको विशेष योग्यता भएको व्यक्तिलाई कल्याणकारी अफिसर हुनको निमित्त ग्राह्यता दिइनेछः–

(१) श्रम समस्या सम्बन्धी विषयमा कुनै विश्वविद्यालयबाट डिप्लोमा प्राप्त गरेको, वा

(२) कुनै कारखानामा कल्याणकारी अफिसरको कामगरी अनुभव प्राप्त गरेको, वा

(३) मजदूरहरूको स्थानीय भाषाको ज्ञानभएको र हंसिलो स्वभाव भएको ।

२२. नियुक्तिः–कारखानाको मालिकले कल्याणकारी अफिसरको नियुक्ति गर्दा आफूले उचित सम्झेको नीतिहरू अपनाई श्री ५ को सरकारको स्वीकृति लिएर गर्नेछ । यसरी नियुक्ति भएका कल्याणकारी अफिसर ६ महीनाको परीक्षण कालमा रहनेछ । सो म्याद बितेपछि निजको काम सन्तोषजनक भएमा मात्र स्थायी नियुक्ति गरी त्यसको सूचना कारखानाका मालिकले श्री ५ को सरकारलाई दिनेछ ।

२३. कल्याणकारी अफिसरको काम कर्तव्यः–कल्याणकारी अफिसरले देहाय बमोजिमको काम कर्तव्य पूरा गर्नु पर्छः–

(१) कारखानाको मालिक र मजदूरहरूको बीचमा राम्रो सम्बन्ध कायम राख्नको निमित्त उनीहरूका बीचमा बराबर सम्पर्क तथा सर सल्लाह कायम राख्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) मजदूरहरूलाई परेको असुविधा दुःख कष्ट इत्यादि (व्यक्तिगत वा सामूहिक रूपमा) कारखानाको मालिकलाई समयमै अवगत गराई त्यसको चाँडो समाधान गरिदिने,

(३) ट्रेड यूनियन इत्यादि संस्थाहरूसंग सम्पर्क राख्न मजदूरहरूलाई निर्देशन दिने,

(४) मजदूरहरूलाई सदैव काममा दत्तचित रहन सक्ने प्रवृत्ति बसाल्ने र उनीहरूको कार्य क्षमता बढ्न सक्ने कुराको प्रबन्धहरू समयमा गर्ने,

(५) श्रमको दृष्टिकोणको अध्ययन तथा विचारगरी श्रम नीति बनाउने र यसमा भएका कुराहरू मजदूरहरूको साम उनीहरूले बुझ्नसक्ने भाषामा व्याख्या गरिदिने, यसमा उनीहरूको मञ्जूरीसहित स्वीकृतिको निमित्त उक्त नीति श्री ५ को सरकारमा पेश गर्ने,

(६) मजदूरहरूको प्रतिनिधि र कारखानाका मालिकसमेतको संयुक्त छलफल गराई सोद्वारा मजदूरहरूको वेतन र काम कर्तव्यमा केही परिवर्तन ल्याउनुपरेमा त्यस उपर यथाशक्य उचित नीति अपनाउने,

(७) कारखानाका मालिक र मजदूरहरूका बीच भरसक झगडा गर्नदिनुबाट रोक्ने, झगडा पर्न गएमा वा पर्न आउने सम्भावना देखिएमा पनि भरसक आपसी सर सल्लाहबाट मिलाउने व्यवस्था गर्ने,

(८) मजदूरहरूलाई गैर कानूनी तरीकाबाट हडतालगर्ने, वा कारखाना बन्द गर्ने दिनुबाट रोक्न, कारखानाका मालिकलाई गैर कानूनी आरोप लगाउन नदिन, र मजदूरहरूलाई हर समय विरोधी तत्वहरूबाट सावधान राख्न सकिनेसमेत कुराको यथाशक्य प्रयत्न गर्ने,

(९) कानूनी कुरामा आघात पर्ने गरी कारखानामा हडताल भएमा वा हुन गएमा मजदूरहरूको साम स्वस्थ तथा तटस्थ नीतिहरू अपनाई शान्त तथा सौहार्दपूर्ण वातावरणमा स्थिति साम्य गराउने,

(१०) मजदूरहरूको सुख सुविधा तथा बचाउको निमित्त स्थानीय इन्स्पेक्टर र योग्य चिकित्सकको सल्लाह लिई उनीहरूको स्वास्थ्य जचाउने र त्यसको रेकार्ड राख्ने, खतरनाक कामहरूबाट शरीरको बचाउ गर्ने, मेशिनरीहरूको जांचबुझ गर्ने, कारखानाको सरसफाई गर्ने र अरू आवश्यकीय कुराहरूको प्रबन्धसमेत समय समयमा गर्ने,

(११) मजदूरहरूलाई तोकदिए बमोजिमको वेतन, बिदा र अरू आवश्यक कुराहरू समेत कारखानाका मालिकको सर सल्लाह लिई दिने,

(१२) ऐनमा उल्लेख भए बमोजिमका कल्याणकारी व्यवस्थाहरूको राम्रो प्रबन्ध गरिदिने,

९०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) उन्नतशील मुलुकहरूका मजदूरहरूको काम कर्तव्य, उनीहरूको रहन सहनको अवस्था, सुविधा र मनोरञ्जनको व्यवस्था, खेलकूद इत्यादिको प्रबन्धसमेत सबै कुराहरूको बोध आफ्ना कारखानाका मजदूरहरूलाई गराई उनीहरूको काम गर्ने उत्साह बढाउने,

(१४) कारखानाका मालिकको सल्लाह लिई मजदूरहरूलाई खेलकूद इत्यादिमा सरिक हुन लगाउने र समयभित्रसम्म मनोरञ्जनको व्यवस्था मिलाउने,

(१५) कारखानाका मजदूरहरूको रहन सहनको स्तर बढाउने र उनीहरूको कल्याणको निमित्त गर्नुपर्ने भन्ने निजको विचारमा लागेका अरू सबै कुराहरूको व्यवस्था गर्ने चेष्टागर्ने, र

(१६) वर्कस कमिटी, उत्पादकत्व कमिटी, कल्याणकारी कमिटी र सुरक्षा कमिटीहरू गठन गर्न प्रोत्साहन दिने ।

२४. <u>वेतनः</u>– कल्याणकारी अफिसर र कारखानाका मजदूरहरूले पाउने वेतनको दर श्री ५ को सरकारले आदेशद्वारा तोके बमोजिम हुनेछ ।

२५. <u>सेवा अवधि र शर्तः</u>– कल्याणकारी अफिसरको सेवा अवधि एक कारखानामा बढीमा २० वर्षसम्मको निमित्त मात्र रहनेछ । तर सम्बन्धित कारखानाका मालिकलाई त्यस्तो अफिसरको सेवा अरू बढी समयसम्म बढाउन आवश्यक छ भन्ने लागेमा अर्को १० वर्ष-सम्म सो सेवा अवधि बढाउन निजले श्री ५ को सरकारमा सिफारिश गरिपठाउन सक्ने छ र श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ । उपरोक्त बमोजिम एक कारखानामा काम गरी अनुभव प्राप्त गरेको कल्याणकारी अफिसरलाई एक कारखानामा उपरोक्त बमोजिम अवधि पूरा गर्दैमा सेवाबाट हटाउन पाइनेछैन अर्को कारखानामा निजलाई सरुवा गरिदिनुपर्छ ।

तर निम्नलिखित कारण परेमा कल्याणकारी अफिसरलाई सेवाबाट हटाइनेछः–

(१) आफ्नो पदबाट राजीनामा गरेमा, वा

(२) आफ्नो कर्तव्य वा आचरणबाट वञ्चित भएको ठहरिएमा, वा

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भएमा, वा

(४) अफिसको समयमा मादक पदार्थको सेवन गरेमा, वा

(५) भ्रष्टाचार गरेमा ।

२६. <u>बिदाः</u>– कारखानामा काम गर्ने मजदूरहरूले देहायका तलबी र बेतलबी बिदा पाउने छन्ः–

(१) <u>सार्वजनिक बिदाः</u>– वर्ष एकमा १० दिन (पूरा तलबी)

सार्वजनिक बिदा निर्धारण गर्ने अधिकार कारखानाको वर्क्स कमिटी माथि रहनेछ । यदि कुनै सार्वजकि बिदामा कुनै मजदूरलाई काममा लगाए कारखानाको मालिकले डेढी तलब दिनुपर्नेछ ।

४१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) घर बिदाः– एक वर्ष अविच्छिन्न नोकरी पूरा गर्ने हरेक मजदूरलाई वर्ष-भरीमा, २० दिनको एक दिनको दरले अर्को वर्षमा घर बिदा पाउने छन् (पूरा तलबी)।

(३) बिरामी बिदाः– वर्ष १ मा १५ दिनसम्म आधा तलबको बिदा पाउनेछ। यस्तो बिदामा बस्दा कारखानाको मेडिकल अफिसरको प्रमाणपत्र लिनु अनिवार्यछ।

(४) विशेष बिदाः– वर्ष १ मा ३० दिन बेतलबी बिदा पाउनेछ।

२७. बिदा दिने अधिकारीः– नियम २६ अनुसारको बिदाको निकासा दिंदा कल्याणकारी अफिसरको निमित्त कारखानाका मालिकले दिनेछ र मजदूरहरूको निमित्त कारखाना मालिकको स्वीकृति लिएर कल्याणकारी अफिसरले दिनेछ।

२८. क्षतिपूर्तिः– कुनै कारखानाको मजदूरलाई कारखानामा काम गर्दा शरीरमा घाउ चोटपटक लागेमा वा अंग भंग भएमा वा मृत्यु भएमा सो मजदूर वा निजको परिवार-लाई देहाय बमोजिम क्षतिपूर्ति दिइनेछः–

(१) शरीरमा साधारण घाउ चोटपटक लागेमाः– तुरुन्तै काम दिन सक्ने भएमा लाग्ने औषधि वा त्यसको निमित्त लाग्ने खर्च र तुरुन्तै काम दिन नसक्ने भै केही दिन उपचारको निमित्त बस्नुपरेमा जति दिन बस्नुपरेकोछ त्यसरी बसेको दिनजतिमा आफूले पाउने वेतनको आधाको हिसाबले।

(२) अंग भंग भएमाः– निम्नलिखित बमोजिम अंग भंग भएकोमा निम्न-लिखित बमोजिम पाइनेछः–

कान १ के ६ महीनाको वेतन
आँखा १ के वर्ष १ को वेतन
दायाँ हात १ के ९ महीनाको वेतन
बाँया हात १ के ६ महीनाको वेतन
प्रत्येक पाखुरा वा खुट्टा के ९ महीनाको वेतन
हात गोडाका प्रत्येक औंलाके २ महीनाको वेतन
शरीरको अन्य प्रत्येक भागके आवश्यकता हेरी स्थानीय इन्स्पेक्टरले तोके बमोजिम १ महीनादेखि ६ महीनासम्मको वेतन।

उपरोक्त अंग भंग भएको सिलसिलामा बिरामी पर्दा उचित उपचार कार-खानाका मालिकले कारखानाको तर्फबाट गरिदिनुपर्छ।

(३) मृत्यु भएमाः– कारखानामा काम गर्दाको सिलसिलामा जोखिमी परी कुनै मजदूरको मृत्युभएमा तत्काल निजले वर्ष १ मा पाइरहेको वेतनको चौथाइ निजको परिवारलाई मृत्यु भएको ३ वर्षसम्म दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. बालखहरूको निमित्त व्यवस्था: (१) मजदूरका बालखहरू राख्न ठाउंको व्यवस्था कारखानाका मालिकले जनाना मजदूरहरू काम गरेको ठाउंबाट नजिकैको खुला र ध्याउं घुइँचो नभएको ठाउंमा गर्नुपर्दछ । सो कोठा वा कोठाहरूमा प्रत्येक बालखको निमित्त एक एक खाटको व्यवस्था हुनुपर्दछ । केटा केटीको मनोरञ्जनको निमित्त चाहिने खेलौनाको प्रबन्ध हुनुपर्दछ । प्रत्येक बालखको निमित्त आवश्यक दू र खाजाको व्यवस्था कारखानाको मालिकले गरिदिनुपर्दछ ।

(२) प्रत्येक त्यस्तो कोठामा केटा केटीको हेर चाहको निमित्त एक तालीम प्राप्त धाईको प्रबन्ध गरिदिनुपर्दछ । धाईको निमित्त डिउटीमा छँदा लाउने सादा लुगाको प्रबन्ध कारखानाको मालिकले गरिदिनुपर्दछ । दध खुवाउनुपर्ने केटाकेटीको आमाको निमित्त प्रत्येक ४।४ घण्टामा आधा घण्टा छुट्टि दिने प्रबन्ध गर्नु पर्दछ ।

## परिच्छेद–७
### विविध

३०. मजदूर र मालिकको प्रतिनिधित्व गर्ने कमिटीः– ऐनको दफा ५३ को उप–दफा (१) बमोजिम श्री ५ को सरकारले दिएको आदेशानुसार कारखानाको मालिकले मजदूर र मालिकको प्रतिनिधित्व गर्ने कमिटी गठन गर्न जो चाहिने व्यवस्था मिलाउनुपर्नेछ ।

३१. सदस्यको संख्याः– कमिटीमा सदस्यहरूको संख्या बीसभन्दा बढी हुनुहुंदैन । मजदूरको प्रतिनिधिको संख्या मालिकको प्रतिनिधिको संख्याभन्दा कम्ती हुनु हुंदैन । कमिटीको सदस्य संख्या निर्धारण गर्दा कारखानामा काम गर्ने सबै विभाग र पेशाका मजदूरहरूको राम्रो प्रतिनिधित्व भएको हुनुपर्दछ ।

३२. कारखानाको मालिकको प्रतिनिधिः– यी नियमहरूको प्रयोजनको निमित्त कारखानाका मालिकले आफ्ना प्रतिनिधि नियुक्ति गर्दा सकेसम्म कारखानाको काममा प्रत्यक्ष सम्बन्ध भएको कर्मचारीहरूलाई प्राथमिकता दिनुपर्छ ।

३३. मजदूर संगठनसंग कुरा कानीः– (१) कुनै कारखानामा एक वा सोभन्दा बढी मान्यता पाएको मजदूर संगठन भएको खण्डमा कारखानाको मालिकले हरेक संगठनको सदस्यता-को संख्या तथा कारखानाको विभिन्न विभाग तथा पेशाहरूको के कस्तो प्रतिनिधि भएको छ भन्ने तथ्यांक माग्न सक्नेछ ।

(२) उप–नियम (२) अनुसार ती संगठनहरूले दिइएको सूचनाहरू कारखानाका मालिकलाई गल्ती वा झुट्ठा भन्ने लागेमा स्थानीय इन्स्पेक्टरलाई सूचित गर्ने र स्थानीय इन्स्पेक्टरको निर्णय अन्तिम हुनेछ ।

63

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. मजदूर प्रतिनिधिः– उक्त नियम अनुसार कारखानाको मालिकले सूचना पाएपछि मजदूरहरूको प्रतिनिधिको चुनाव २ ग्रूपबाट हुनेछ ।

(१) मान्यता पाएका संगठन वा संगठनहरूको सदस्यहरू भएका कारखानाका मजदूरहरूको, र

(२) कुनैपनि संगठनको सदस्य नभएका कारखानाका मजदूरहरूको यसरी निर्वाचन क्षेत्र पनि २ वडामा बाँडिनेछ। कारखानामा काम गर्ने मजदूरहरू सबै एकै संगठनको सदस्य भए अथवा कुनैपनि मजदूर संगठनको सदस्य नभएको खण्डमा एकै निर्वाचन क्षेत्रमा चुनाव हुनेछ ।

३५. उम्मेदबारको योग्यताः– निम्नलिखित योग्यता पुगेको मजदूर चुनाव लड्न सक्नेछः–

(१) एक साल अवच्छिन्न कारखानामा नोकरी गरेको, र

(२) १९ वर्षको उमेर पूरा गरेको ।

३६. मतदाताहरूको योग्यताः– निम्नलिखित योग्यता नपुगेका मजदूरहरूले चुनावमा मतदान दिनपाउने छैनन्–

(१) १८ वर्षको उमेर नाघेको, र

(२) ६ महीनासम्म कारखानामा काम गरिसकेको ।

३७. निर्वाचनको सञ्चालनः– कमिटीको चुनावको निमित्त कारखानाको मालिकले मजदूरको प्रतिनिधिको दरखास्तपत्र आइपुग्नुपर्ने अन्तिम दिन तोक्न सक्नेछ र दरखास्तपत्र आइपुगेको एक हप्ताभित्र चुनाव हुने स्थान, मिति र समय तोक्नेछ। त्यस्तो निर्वाचन मितिको सूचना सबै मजदूरहरूको लागि अफिस नोटीस बोर्ड तथा प्राप्त साधनद्वारा प्रचारसमेत गर्नुपर्नेछ ।

३८. दरखास्तपत्रसाथ पेश गर्नुपर्नेः– प्रत्येक उम्मेदवारले कारखानाको मालिकले चुनावको निमित्त बनाइदिएको दरखास्त फाराम भरी त्यस दरखास्तपत्रका साथ जुन ग्रूपबाट खडा हुनेगरी दरखास्तपत्र दिइएको छ सो ग्रूपको मतदातामध्ये कमसेकम २ जनाले निजलाई समर्थन गरेको पत्र दाखिल गर्नुपर्दछ ।

३९. दरखास्तपत्रमा जांच गर्नेः– दखास्तपत्र दिने म्याद समाप्त भएको भोलिपल्ट कारखानाको मालिकले उम्मेदवार वा निजको वारेसहरूलाई आफ्नो अफिसमा उपस्थित हुने समय तोकी बोलाई निजहरूको अगाडी निजहरूले पेश गरेको दरखास्तपत्रमा नियमको रीत पुगेको नपुगेको हेर्ने छ। रीत नपुगेकोलाई अयोग्य ठहराइनेछ ।

४०. मतदानः–(१) उम्मेदवारहरूको संख्या र निर्वाचन गर्नुपर्ने सदस्य संख्या बराबर भए चुनाव काम नगरी ती उम्मेदवारहरू छानिएको भनी घोषित गरिनेछ ।

९४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यदि कुनै निर्वाचनक्षेत्रमा छानिने सदस्यहरूको संख्याभन्दा उम्मेदवारहरूको संख्या बढी भएमा तोकिएको चुनाव हुने दिन गुप्त मतदान हुनेछ ।

४१. निर्वाचनको बन्दोवस्त: कारखानाको मालिकले निर्वाचन सम्बन्धी सबै बन्दोबस्त गर्नुपर्नेछ।

४२. कमिटीका पदाधिकारीहरू:–(१) कमिटीका पदाधिकारीहरूमा एक सभापति, एक उप-सभापति, एक सेक्रेटरी तथा एक ज्वाइण्ट सेक्रेटरी रहने छन् ।

(२) कमिटीका सभापति कारखानाका मालिकले कमिटीका सदस्यहरूमध्येबाट मनोनीत गर्नेछ ।

(३) कमिटीका उप–सभापति मजदूर प्रतिनिधिहरूमध्येबाट कमिटीमा छानिनेछ ।

(४) कमिटीका सेक्रेटरी कारखानाका प्रतिनिधिहरूमध्येबाट र ज्वाइन्ट सेक्रेटरी मजदूर प्रतिनिधिहरूमध्येबाट कमिटीले छान्नेछ ।

४३. पदाधिकारिहरूको अवधि:– कमिटीका पदाधिकारीहरूको अवधि २ वर्षको हुनेछ ।

४४. रिक्त स्थान पूर्ति गर्ने:– कुनै कारणबाट मजदूर प्रतिनिधिको स्थान रिक्त हुन गएमा चुनावद्वारा फेरि छानिनेछ ।

४५. कमिटीको बैठक:– कमिटीको बैठक कमसेकम महीनामा एक पटक हुनुपर्दछ । र कारखानाका मालिकले बैठक गर्नका लागि ठाउं तथा कमिटीको काम सुचारू रूपले चलाउन अन्य आवश्यक कुराको बन्दोवस्त गरिदिनुपर्दछ।

४६. विघटन गर्ने:– माथि लेखिएका नियम बमोजिम कमिटी गठन नभएको भन्न लागेमा र कमिटीका दुई तिहाइ मजदूर प्रतिनिधिहरूले विना कुनै उचित कारणले लगातार ३ वटा बैठकमा भाग लिएनन् भने श्री ५ को सरकारले कमिटीलाई विघटन गर्न आदेश दिन सक्नेछ ।

४७. मजदूरहरूले भारी वजन उठाउने:– निम्नलिखित मजदूरलाई निम्नलिखित वजन-भन्दा गन्हौं भारी उठाउन वा बोकाउन लाउन हुंदैन:–

(१) बालिग – – – २ मनसम्म
(२) जनाना – – – १ मन १० सेरसम्म
(३) नाबालिग – – – १ मनसम्म

कुनै मजदूरलाई तोकिएभन्दा बढी वजनको भारी उठाउन लगाएमा यसबाट निजको स्वास्थ्यमा पर्न आउने असर उपर कारखानाका मालिक पूर्णतया जवाफदेही हुने छन् र यसरी काम लगाएको वा लगाइराखेको ठहरेमा कारखानाका मालिकलाई ऐन बमोजिम जरिवानासमेत हुनेछ ।

९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८. ओभर टाइम काम गराउने शर्तहरू:– कारखानामा काम गर्ने मजदूरलाई निम्नलिखित अवस्था परेमा ओभर टाइम काम गराउन सकिनेछ:–

(१) कुनै सिजनमा मात्र खास रूपमा चालू हुने कारखानामा सिजन खतम हुनासाथ कच्चा माल खेर जान सक्ने भएमा र यस्तो कारखानामा काम गर्ने मजदूरलाई ओभर टाइम काम गराउनाले कच्चा मालको सदुपयोग र उत्पादनको वृद्धि हुन्छ भने, वा

(२) कुनै खास वर्गका मजदूरको ओभर टाइम काम गराइने कारखानामा हुने उत्पादनको वृद्धि हुन्छ भने, वा

(३) कुनै निश्चित दिनभित्र खास कुनै काम सकिसक्नु छ र त्यसको निमित्त ओभर टाइम काम गराइनु नै पर्छ भने, वा

(४) ओभरटाइम काम गराउनुपर्ने अन्य कुनै महत्वपूर्ण कामहरू छन् भने ।

तर यस किसिमबाट मजदूरहरूलाई काममा लगाउंदा बालिग र नाबालिगलाई बढीमा क्रमशः ३ र २ घण्टा प्रतिदिनको दरले काम गराई क्रमशः १५ घण्टा र १० घण्टा एक सप्ताहमा ननाघ्ने गरी काममा लगाउनु पर्छ ।

४९. कुन कुन अवस्थामा कस्ता कारखानाहरूलाई यी नियमहरूको व्यवस्थाबाट छुट् दिने:–कुनै विशेष ऐन अन्तर्गत गठित कर्पोरेशनद्वारा संचालित कारखानाको सम्बन्धमा खास रूपमा कारखाना औ मजदूर सम्बन्धी कुराको व्यवस्था भएकोमा यी नियमहरूको व्यवस्था लागू हुने छैन ।

५०. पार्ट टाइम काम गर्दा पाउने न्यूनतम वेतनको दर:–कसैलाई कुनै कारखानामा पार्ट टाइम काम गराउनपरेमा निजले आफ्नै स्तरका अरू पूरा टाइम काम गर्नेहरूले कुनै समय समय काम गरे बापत जति वेतन पाउने गरेका छन् त्यसको सवाइ पाउनेछ ।

५१. वेतन र कारखानाको अन्य तथ्यांक सम्बन्धी रजिष्टर राख्ने र जांचगर्ने:–कारखानामा काम गर्ने प्रत्येक मजदूरहरू आएको गएको टाइम जनाई निजले कति घण्टा काम गरेको छ वा कति कामको परिमाण सकेकोछ, कति उत्पादन भएकोछ, कति दिन बिदा दिएकोछ, ग्रेच्यूटी, बोनस कति दिएको छ सो सबै कुराहरू खुल्ने गरी रजिष्टर किताब तैयार गराइराख्नु प्रत्येक कारखानाका मालिकको निमित्त अनिवार्य हुनेछ । यस्तो रजिष्टर महीनामा एक चोटि स्थानीय इन्स्पेक्टरद्वारा जांच गरिनेछ । कुनै कुरा समावेश गर्न छुट् भएमा सो छुट् भएका कुराहरू तुरुन्तै रजिष्टर किताबमा चढाउन इन्स्पेक्टरले कारखानाका मालिकलाई आदेश दिन सक्नेछ । यस्तो किसिमको रजिष्टर नराख्ने कारखानाका मालिकलाई ऐन बमोजिम जरिवाना हुन सक्नेछ ।

१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५२. मजदूरहरूको रजिष्टर:—हरेक कारखानाका मैनेजरले कारखानाको प्रत्येक मजदूरको नाम कामको प्रकृतिको अतिरिक्त प्रत्येक मजदूरको थर, काम गर्ने विभाग, प्रत्येक दिनमा काम गरेको समय, साप्ताहिक छुट्टिमा काम गरेको छ छैन, अनुपस्थित दिन, वेतनको दर, बढी समय काम गरेको छ छैन, र त्यसको दर, बोनस र हप्ता वा महीनामा कूल पाउने वेतन-समेतको बिवरण भएको रजिष्टर राख्नु अनिवार्य हुनेछ ।

आज्ञाले—
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव,
उद्योग तथा वाणिज्य मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

९६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।